लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सचिव

चाल आ.व. २०८०/०८१ को **वन उद्दम र पर्यापर्यटन प्रवर्धन कार्यक्रम तर्फको** जडिबुटी तथा काष्टजन्य उद्दम बिकासमा सहयोग (निजि सहकारी सामुदायिक र साझेदारी )कार्यक्रमका लागी यस मन्त्रालयबाट वाट मिति २०८०। ०९।२५ मा कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकासित सुचना बमोजिम प्रस्ताव पेश गर्ने प्रस्तावदाताले प्रस्ताव पेश गर्दा ध्यान पु-याउनु पर्ने कुराहरू:

१.चालु आर्थिक बर्षको जडिबुटी तथा काष्टजन्य उद्दम बिकासमा सहयोग (निजि सहकारी साम्दायिक र साझेदारी )कार्यक्रमका लागी क देखी ण सम्मका बिषयसग सम्बन्धित प्रस्तावहरु मात्र हुनुपर्ने छ ।

क)काठको सिजनिङ,ट्रिटमेण्ट प्लाण्ट जडान, काठ. दाउरा र भुसको गणुस्तर अभिवृद्धि गर्ने वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालन,

ख)पार्टिकल बोर्ड, फाइवर बोर्ड, चिप बोर्ड, प्लाईउड, भेनियर आदि जस्ता उद्योग स्थापना सन्चालन

ग) फर्निचर र काष्ठ प्रविधिका सुधारका कार्यक्रम सन्चालन (Figer joint समेत)

घ) चाक्लाको रुपमा ५.०० हेक्टर भन्दा बढीमा तोकिएका एकै प्रजातीको वृक्षारोपण (खयर,बेत,बाँस,चिउरी,महवा.तेजपात,अल्लो,ओखर, टिम्मुर अगरउड।

ङ) बाँस तथा वेतजन्य उद्यम,

च)काष्टजन्य हस्तकला उद्यम,

छ) पल्प.पेपर तथा लोक्ता,अल्लो प्रशोधन सम्बन्धी यद्योग,

ज) जडिबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्योग. प्राथमिक तथा वित्तिय चरणका प्रशोधन उद्योग स्थापना,

झ) जैविक उर्जा र उर्जा दक्षता सम्बन्धित कार्यक्रम,

ञ) पिलेट, बायोचार, ब्रिकेट आदि उत्पादन,

ट) वनजन्य कच्चा पदार्थमा आधारित उद्योग स्थापनका लागि उपकरण खरिद

ठ) दुना/टपरी.गुन्द्री ढकिया लगाएत वस्तुहरु उत्पादन सम्बन्धी उद्यम

ड) काष्टजन्य भाँडा र वाध्यवाधन उपकरण। जस्तैः-टेकी,आरी.मादल.डमरु सारङगी आदी।

ढ) वनजन्य तथा स्थानिय जिबिकोपार्जनमा प्रत्यक्ष प्रभाव पार्ने खालको बिरुवा उत्पादन गर्ने नर्सरी ।

ण) गत आवमा अनुदान पाइ सन्चालन सन्तोषजनकरुपमा भएका र गत आवको अनुदान शिर्षक बाहेक अन्य शिर्षकमा आवश्यक भएमा ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सचिव

२.पेश भएका प्रस्तावहरु निम्न अनुसारका मूल्याङ्कन आधारहरुको मूल्याङ्कन गरिनेछ ।

| आधार | अंङ्क |
|---|---|
| क)उद्यम स्थापनाबाट लाभान्वित हने समूह तथा उपभोक्ता | १० |
| ख)मूल्य श्रृंखलामा निर्यातजन्य वा आयात प्रतिस्थापना गर्ने सम्भाव्यता | १० |
| ग)उद्यमका परिवेश अनसार नेपाल सरकारलाई प्राप्त हने राजश्वका संभावना | १० |
| घ) उद्यमको आकार अनसार रोजगारीको अवस्था | १० |
| ङ) प्रावधिमा सुधार वा आधुनिक प्रविधिको प्रयोग | १० |
| च) स्थानीय श्रोत र सामाग्रीको प्रयोग | १० |
| छ) लगानीको तलनामा अपेक्षित प्रतिफलको अवस्था | १० |
| ज) वातावरणीय दृष्टिकाणले अनुकुलन | १० |
| झ) स्थानीय परिवेश अनुसार नवीनतम कार्य | १० |
| ञ)हावापानी, माटो र अन्य आवश्यक दृष्टिकोणले सम्भाव्य | १० |

३.मन्त्रालयबाट पत्रिकामा मिति २०८०।०९।२५ मा ३० दिनको म्याद दिई सूचना प्रकाशित भएको छ ।निजि,सहकारी,साम्दायिक र साझेदारी उद्दमले मन्त्रालयले तोकेको ढाँचामा प्रस्ताव तयार पारी सोही प्रस्तावनाको आधारमा कार्यक्रममा सहभागी हुन पाउनेछन् ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), दाङ

सचिव

४. छनोट भएका प्रस्तावहरुको फिल्ड भेरिफिकेशनको आधारमा मन्त्रालयले बास्तबिक कल लागतको बढीमा ७५ प्रतिशतमा नबढ्ने गरी (सि.न. घ को वृक्षारोपणमा ८० प्रतिशत नबढने गरी अधिकतम रु २० लाख (अक्षरेपी रु वीस लाख रुपैया) मध्ये जुन घटीं हुन्छ सोही रकममात्र अनुदानको रुपमा उपलब्ध गराइनेछ ।निजि उद्योग र संस्थाका लागी लागतको ५० प्रतिशत अनुदान प्रदान गरिनेछ ।

५. अनुदान रकम भुक्तानी मन्त्रालय र समूह/संस्थावीच सम्झौता भए पश्चात २ किस्तामा हुनेछ । पहिलो किस्ता र दोश्रो किस्ता माग गर्दा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु कार्यविधीमा उल्लेख भए बमोजिम हुनु पर्नेछ।

६. मन्त्रालयवाट प्रदत्त अनुदान रकमको समूह/संस्थाले आम्दानी जनाई दोहोरो लेखाप्रणालीको सिद्धान्त अनुसार लेखा राखी प्रचलित कानून अनुसार दर्तावाल लेखापरीक्षकवाट लेखापरीक्षण गराउनु पर्नेछ ।

७. प्रस्ताव पेश गर्दा निम्नानुसारको विवरणहरु तोकिएको ढाँचामा भरी पेश गर्नुपर्नेछ ।

अनुदानको लागि पेश गर्नपर्ने प्रस्तावको ढाँचा

१) प्रस्तावक तथा उद्यमको नामः

क) प्रस्ताव पेश गर्ने सामुदायिक/सहकारी/निजि/साझेदारी संस्थाको नाम र ठेगानाः

ख) प्रस्ताव पेश गर्ने संस्थाको पदाधिकारीः

नामः ठेगानाः फोन/मोवाईल नं.

२. संस्था वारे संक्षिप्त जानकारी

क. संस्थाको उद्धेश्यहरुः

ख. जनशक्तिको अवस्थाः

ग. अनुभव तथा उपलब्धिहरुः

३.वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालनका उद्धेश्यहरुः

४.विस्तृत योजनाको विस्तृत विवरण (Business Plan सहित)

५. प्रस्तावित योजनाको कार्यान्वयनको तरिका/पद्धतिः

६. कार्यक्रम सञ्चानको समय तालिकाः

७.लाभ लागत सम्बन्धी विवरणः (संक्षिप्त व्यवसायिक योजना)

क) अनुमानित कुल लागत (जग्गा वाहेक।

ख) लगानीका स्रोतः

ग) बजेट अनुमानः

घ) लाभ र लागतको विश्लेषणः

छ) सम्पन्न हुने समयः

८. उपकरण खरीदको लागि भए सो को सो को हालको वजार मूल्य, निर्माता कम्पनीको नाम, र अन्य आवश्यक जानकरी

९. भर्नुपर्ने विवरणहरुः

| आधारहरु | सूचकहरु |
|---|---|
| क)आधारहरु को वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालनवाट लाभान्वित हुने समूह तथा उपभोक्ता(संख्यामा समेत खुलाउने) | |
| ख) मल्य श्रृंखलामा निर्यातजन्य वा आयात प्रतिस्थापना गर्ने सम्भाव्यता( कस्तो छ भापामा खुलाउने | |
| ग) उद्यमका परिवेश अनुसार नेपाल सरकार / प्रदेश सरकारलाई प्राप्त हुने राजश्वको संभावना | |
| घ) उद्यमको आकार अनुसार संभाव्य रोजगारी जना (पूर्ण र आंशिक) | |
| ङ) प्रविधिमा सुधार वा आधुनिक प्रविधिको प्रयोग(के गर्ने हो खुलाउने) | |
| च) स्थानीय श्रोत र सामाग्रीको प्रयोग (शत प्रतिशत,५० प्रतिशत भन्दा वढी,५० प्रतिशत भन्दा कम कुन वर्ग हो खुलाउने) | |
| छ) लगानीको तुलनामा अपेक्षित प्रतिफलको अवस्था ( लाभ लागत अनुपात र पारविन्दु (Payback period) उल्लेख गर्ने | |
| ज) वातावरणीय दृष्टिकोणले अनुकूला कुन कुन कारणले अनुकुलन हो खुलाउने | |
| झ) स्थानीय परिवेश अनसार नवीनतम् कार्य( कस्ता नविनतम हो खुलाउने | |
| ञ) स्थानीय हावापानी, माटो र अन्य आवश्यक साल सम्भाव्य (प्रवल सम्भावनाका मलभत कुराहरु उल्लेख गर्ने। | |

१०.उद्दम सञ्चालनको लागि नेपाल सरकार प्रदेश सरकारको प्रचलित एन नियमको पालना सम्बन्धि जनकारीहरु :

११.अन्य जानकारीहरु:

आवेदक सामुदायिक/सहकारी/निजि/साझेदारी संघ संस्था

नाम: पद

आधिकारीक हस्ताक्षर

संस्थाको छाप

संमलग्न कागजजातहरु:

- आवेदन
- नियमन गर्ने निकायको सिफारीस
- बजेट सहीतको बिस्तृत परीयोजना प्रस्तावना
- संस्थाको दर्ता सम्बन्धि कागजातहरु
- PAN VAT प्रमाण पत्र(सहकारीका लागि)
- संस्थाको म्याद रहेको बुझिने प्रमाणपत्र
- कर चुक्ताको प्रमाणपत्र